"जुद्ध बारुण यन्त्र भक्तपुरको रहर, आगलागी जोखिम मुक्त भक्तपुर शहर"

नेपाल सरकार

गृह मन्त्रालय

जुद्ध बारुण यन्त्र कार्यालय

भक्तपुर

स्वतः प्रकाशन

२०८२ वैशाख

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध बारुण यन्त्र कार्यालय
भक्तपुर

स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ ।यसका लागि ऐनमा नै विभिन्न शिर्षकहरुको उल्लेख गरिएको छ ।

यसै कानूनी व्यवस्थाको पालनाका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिका रुपमा रहेको जुद्ध बारुण यन्त्र कार्यालयले गरेका काम कारवाहीहरुको यथार्थ जानकारी आम नागरिकहरुमा होस भन्ने अभिप्रायका साथ यस कार्यालयबाट सम्पादन भएका ३ महिनाको कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुर

मितिः २०८२ वैशाख

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन ... कार्यालय
भक्तपुर

विषय सूची

१. कार्यालयको सामान्य परिचय
२. कार्यालयको काम, कर्तव्य र अधिकार
३. सांगठनिक संरचना
४. कार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरण
५. कार्यालयबाट प्रदान गरिने सेवा
६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी
८. निर्णय गर्ने प्रक्रिया र अधिकारी
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी
१०. सम्पादन गरेको कामको विवरण
११. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद
१२.कार्यालयको वेबसाइट, फेसबुक पेज, ईमेल
१३. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन तथा सूचना दिएको विषय

## १. कार्यालयको सामान्य परिचय

जुद्ध बारुण यन्त्र कार्यालय आगलागी जन्य विपद् जोखिम न्यूनीकरणको लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत स्थापित कार्यालय हो । यसको स्थापना जुद्ध शमशेरले भक्तपुरमा वि.सं. २००१ (सन् १९४५) मा सेवा विस्तार गरेका हुन् । उक्त समयमा जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरमा रहेका बारुण यन्त्रहरुः

- Magirus Deutz, German, Model 1976, capacity: 2400 litre, (Bhaktapur -1)
- Bedford, UK, Model:1973, Capacity: 4000 litre (Bhaktapur -1)
- Dennis, UK, Model: 1945, Capacity 1,200 litre (Bhaktapur-1)

उक्त बारुण यन्त्रहरु कार्यालयमा रहेको भएता पनि हाल संचालनमा रहेको छैनन् । हाल कार्यालयमा पालिकाद्वारा हस्तान्तरण भएका टाटा दमकल-२, German दमकल-१, पानी ट्याङकर-१, रेश्क्यु गाडी-२ र फायर बाइक-१ संचालन हुँदै आएका छन् ।यो कार्यालय भक्तपुर जिल्ला भक्तपुर नगरपालिका-१ दुधपाटीमा अवस्थित छ ।


## २. कार्यालयको काम, कर्तव्य र अधिकार

जुद्ध बारुण यन्त्र कार्यालयले निम्न बमोजिम कार्यहरु गर्दै आएको छ ।

१. २४ सै घण्टा तत्पर रही आगलागी जोखिम न्यूनिकरण तथा आगलागी नियन्त्रण गर्ने,
२. पिडित व्यक्तिको आगलागी विवरणहरु प्रक्रिया पुगे लगत्तै तत्काल उपलब्ध गराउने,
३. आगलागी जोखिम सम्बन्धी विभिन्न नमुना कार्यक्रमहरु समय-समयमा संचालन गर्ने,
४. बारुण यन्त्र सञ्चालन तथा व्यवस्थापनका आवश्यक प्राविधिक सहजीकरणको लागि विभिन्न निकायहरुले लेखी पठाएमा सहजीकरण गरिदिने,
५. बारुण यन्त्र कार्यालयको मुख्य कार्यक्षेत्र भक्तपुर जिल्लामा रहने र आवश्यकता अनुसार ललितपुर, काठमाण्डौं, काभ्रेमा आगलागी नियन्त्रण सम्बन्धी आवश्यक सहयोग उपलब्ध गराउने ।
६. अग्नि नियन्त्रण सम्बन्धी तालिम संचालन गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध-वारुण यन्त्र कार्यालय
भक्तपुर

## ३. सांगठनिक संरचना



## ४. कार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरण

| क्र. सं | पद | श्रेणी | सेवा | स्थायी दरवन्दी | पदपूर्ति | रिक्त | स्थायी कर्मचारी | करार कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ना.सु. | रा.प.अन.प्रथम | प्रशासन | १ | १ | ० | १ | ० | |
| २ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | १ | १ | ० | १ | ० | |
| ३ | स.क.अ. | रा.प.अनं. द्वितीय | विविध | १ | १ | ० | ० | १ | |
| ४ | स.ले.पा | रा.प.अनं. द्वितीय | लेखा | १ | १ | ० | १ | ० | |
| ५ | हवल्दार | रा.प.अनं. द्वितीय | विविध | २ | २ | ० | ० | २ | |
| ६ | भा.स.चा. | श्रेणीविहिन | इन्जिनियरिङ | ४ | ४ | ० | ० | ४ | |
| ७ | किलिण्डर | श्रेणीविहिन | विविध | २ | २ | ० | ० | २ | |
| ८ | का.स. | श्रेणीविहिन | प्रशासन | ३ | ३ | ० | १ | २ | |
| ९ | फा.मे.सि. | श्रेणीविहिन | विविध | २१ | २१ | ० | ० | २१ | |

## ५. कार्यालयबाट प्रदान गरिने सेवाहरु

- नागरिक वडापत्रमा उल्लेख भएअनुसार

नेपाल सरकार

गृह मन्त्रालय

# जुद्ध बारुण यन्त्र कार्यालय

भक्तपुर

## नागरिक वडापत्र

| क्र.स | सेवाको विवरण | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आगलागी नियन्त्रणका लागि दमकल सेवा २४ सै घण्टा तत्पर रहेको छ । यसको लागि कार्यालयको टेलिफोन नम्बर ०१-६६१००४९ वा आकस्मिक टेलिफोन नम्बर १०१ मा आगलागीका सूचना प्राप्त हुनासाथ उद्दारकर्मी घटनास्थलमा खटिएर आगलागी नियन्त्रण गरिनेछ । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ईनार तथा पोखरीमा मानिस खसेको वा फसेको जानकारी प्राप्त हुनासाथ उद्धारकर्मी खटिएर उद्धार गरिनेछ । | सूचना प्राप्त हुनासाथ | निःशुल्क | कार्यालय प्रमुख/ सूचना अधिकारी | |
| ३ | भवितव्य आईपर्ने विपद् जोखिम जस्तै आगलागी, भुकम्प, बाढी पहिरो लगायत अन्य विपद् भएको सूचना प्राप्त भएमा तत्कालै अन्य उद्धारकर्मी सँगको समन्वयमा उद्धार कार्य गरिनेछ । | | | | |
| ४ | पिडीत (सम्बन्धित व्यक्ति) ले आगलागी विवरण (Fire Report) लिन चाहेमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराईनेछ ।<br>आवश्यक कागजातहरु:<br>१. व्यक्तिगत निवेदन ।<br>२. रु. १० को हुलाक टिकट ।<br>३. सक्कलै प्रहरी मुचुल्का ।<br>४. सम्बन्धित व्यक्तिको परिचय खुल्ने कागजात । | प्रक्रिया पुगेमा तत्कालै | रु. १० को टिकट | | |
| ५ | यस कार्यालयले सम्पादन गरेका सेवाहरुमा सर्वसाधारणहरुको सल्लाह, सुझाव, प्रतिक्रिया लिई गुनासो सुनुवाइ हुनेछ । सोको लागि कार्यालयमा गुनासो सुझाव पेटिकाको व्यवस्था गरिएको छ साथै कार्यालयको टेलिफोन नम्बर ०१-६६१२३८२ वा सिधै कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ । | | | | |

## ६. सेवा प्रदान गर्ने निकाय र शाखा

- पिडित (सम्बन्धित व्यक्ति)ले आगलागी विवरण (Fire Report) लिन चाहेमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराइनेछ ।
- यस कार्यालयको टेलिफोन नम्बर ०१-६६१००४९ वा आकस्मिक टेलिफोन नम्बर १०१ मा आगलागीका सूचना प्राप्त हुनासाथ अग्नी नियन्त्रण तर्फका कर्मचारीहरु घटनास्थलमा खटिएर आगलागी नियन्त्रण गरिनेछ ।
- अन्य सेवाहरु नागरिक बडापत्रमा उल्लेख भए बमोजिम रहने ।

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय अवधी

- नागरिक वडापत्रमा उल्लेख भएबमोजिम निःशुल्क

## ८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- आवश्यक प्रमाण कागजातहरु, तोकिएको कानूनी प्रक्रिया पुरा गरी तोक आदेश मार्फत
- कार्यालय प्रमुख, सूचना अधिकारी

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सूचना अधिकारीले गरेको निर्णय उपर कार्यालय प्रमुखले,
- कार्यालय प्रमुखले गरेको निर्णय उपर गृह मन्त्रालयले,
- प्रचलित कानूनले तोकेको भए सोही बमोजिम ।

१०. सम्पादन गरेको कामको विवरण

१. कार्यालयको नियमित बैठक प्रत्येक महिनाको पहिलो हप्ता तथा कार्यालय व्यवस्थापन सम्बन्धी आवश्यकता अनुरुप आकस्मिक बैठक गरी जम्मा ९ पटक बैठक बसी विभिन्न निर्णयहरु गरी कार्यान्वयनमा ल्याइएको ।

२. आ.व. ०८१/०८२ को श्रावण महिना देखि चैत्र महिनासम्म भक्तपुर जिल्ला तथा बाहिरी जिल्लामा गरि जम्मा ७२ वटा आगलागीका घटनाहरु घटेकोमा बारुण यन्त्र समयमै पुगी आगलागी नियन्त्रण गर्न सफल भएको ।

आगलागी रिपोर्ट- २०८१/०८२

| महिना | करेन्ट सर्ट | ग्याँस | अचानक/अन्य | जम्मा |
|---|---|---|---|---|
| २०८१ श्रावण | ० | १ | ३ | ४ |
| २०८१ भाद्र | २ | ० | २ | ४ |
| २०८१ आश्विन | १ | ० | ० | १ |
| २०८१ कार्तिक | ४ | ० | २ | ६ |
| २०८१ मसिंर | ३ | २ | २ | ७ |
| २०८१ पुस | ५ | १ | ३ | ९ |
| २०८१ माघ | ३ | ० | ६ | ९ |
| २०८१ फाल्गुण | ३ | ० | २ | ५ |
| २०८१ चैत्र | ५ | २ | २० | २७ |
| जम्मा | २६ | ६ | ४० | ७२ |

३. मिति २०८१/१०/०२ गते २७ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालयको आयोजनामा भएको प्रभातफेरी तथा जिल्ला विपद् व्यवस्थापन समितिको मूल आयोजनामा टौमडी भक्तपुरमा सम्पन्न भुकम्प प्रतिकार्य अभ्यास कार्यक्रममा सक्रिय सहभागिता जनाइएको।

४. मिति २०८१/१०/०७ गते जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजनामा कार्यालय प्राङ्गणमा भक्तपुर जिल्ला भित्रका सरकारी कार्यालयका प्रतिनिधि कर्मचारीहरुको सहभागीतामा प्राथमिक अग्नि नियन्त्रण तालिम तथा चेतनामूलक कार्यक्रम सम्पन्न गरियो।

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध बारुण यन्त्र कार्यालय
भक्तपुर

५. मिति २०८१/१०/०८ गते जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजना तथा नेपाल रेस्क्यु एण्ड फायरफाइटर एशोसिएसन (NRFFA KTM) को प्राविधिक सहयोगमा प्रशिक्षकद्वय श्री मधुसुदन थापा र श्री सोनी फाजुज्यूबाट फायर स्टेशन कम्युनिकेशन सेशन (Fire Station Communication Session) कार्यक्रम सम्पन्न गरियो।

६. मिति २०८१/१०/१९ गते देखि मिति २०८१/१०/२५ सम्म जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजना तथा युराशिया रेयुकाइ ११ औं शाखाको प्राविधिक सहयोगमा सञ्चालित कार्यालयका कर्मचारीहरुको क्षमता विकासका लागि एक हप्ते उद्धोषण तालिम प्रशिक्षक श्री यादव पौडेलज्यूबाट तालिम प्रदान गरियो।

७. जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको डिउटी रुममा कम्प्युटर जडान गरिएको।

८. कार्यालयको सुरक्षा व्यवस्थालाई मध्यनजर गरी जुद्ध बारुण यन्त्र कार्यालयमा थप सिसिटिभि जडान गरिएको।

९. आगलागी स्थान सम्बन्धी यथार्थ जानकारी हासिल गरि घटना स्थानमा चाडो पुग्न र प्रभावकारी ढङ्गले आगलागी नियन्त्रण गर्न दमकलमा जिपिएस प्रणाली जडान कार्य अगाडि बढाइएको।

१०. मिति २०८१/११/०६, ०७ र ०८ गतेको दिन "७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस" को अवसरमा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको कार्यालय परिसरमा दिप प्रज्वलन कार्यक्रम सम्पन्न गरियो।

११. मिति २०८१/११/१४ गतेको दिन महाशिवरात्री तथा सिलाचः हे पूजाको अवसरमा कार्यालय परिसरमा पूजापाठ सम्पन्न गरी शिवधुनी बाल्ने कार्यक्रम सम्पन्न गरियो।

१२. मिति २०८१/११/१६ गतेको दिन अचानकको वर्षापछि भक्तपुर जिल्ला भक्तपुर नगरपालिका सिद्धपोखरी अगाडि रहेका सडक छेउका रुखहरुमा राती बास बस्ने चराहरुको बिस्टाले बाटो चिप्लो भइ बाइक चिप्लिएर दुर्घटना हुन थालेपछि जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका अग्निनियन्त्रक कर्मचारीहरुले दमकलको प्रयोगले बाटो सफा गरी सवारी आवागमनलाई सहज बनाइयो।

१३. मिति २०८१/११/२० गते आगलागी स्थान सम्बन्धी यथार्थ जानकारी हासिल गरि घटना स्थानमा चाडो पुग्न र प्रभावकारी ढङ्गले आगलागी नियन्त्रण गर्न चाँगुनारायण नगरपालिका र मध्यपुर थिमि नगरपालिकाको सहयोगबाट दमकलमा जिपिएस प्रणाली जडान कार्य सम्पन्न गरिएको।

१४. मिति २०८१/११/२० गतेको दिन फाल्गुण १५ गतेदेखि १९ गते सम्म महोत्तरी जिल्ला गौशालामा सञ्चालन भएको १८औं राष्ट्रव्यापी बुदोकैदो फूलकन्टयाक कराँते प्रतियोगिता २०८१ मा स्वर्ण पदक हासिल गरी कार्यालयको प्रतिष्ठा बढाउनमा महत्वपूर्ण योगदान पुर्याउनुहुने यस कार्यालयका फायरमेन सिपाही श्री शिरुष भुजुको उच्च मूल्याङ्कन गर्दैं नगद रु ५०००/- सहित सम्मान-पत्रद्वारा सम्मानित गरिएको छ।

१५. मिति २०८१/११/२२ गतेको दिन B.A set training refreshment Training कार्यक्रम सम्पन्न गरियो।

१६. मिति २०८१/११/२३ गतेको दिन को.ले.नि.का.भक्तपुरका प्रमुख कोष नियन्त्रक आदरणीय महेश कुमार दाहाल सरबाट कार्यालय निरिक्षण भै आवश्यक सल्लाहसुझाब प्राप्त भएको ।

१७. मिति २०८१/११/२९ गतेको दिन फागु पूर्णिमा (होली) को अवसरमा होली मिलन कार्यक्रम सम्पन्न गरिएको।

१८. मिति २०८१/१२/०२ गतेको दिन भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. २ खौमास्थित इनारमा खसेको कुकुरलाई जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको रेस्क्यु गाडी समयमै पुगी उद्धार गरिएको छ ।

१९. मिति २०८१/१२/०३ गते देखि १२ गतेसम्म जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुर को आयोजना तथा Nepal Rescue Firefighters Association Kathmandu र Nepal Red Cross Society District Chapter Bhaktapur को प्राविधिक सहयोगमा संचालित "१० दिने आधारभूत अग्नि नियन्त्रण सम्बन्धी तालिम" सम्पन्न गरिएको ।

२०. मिति २०८१/१२/०८ र १५ गतेका Table top exercise (Disable Aircraft Recovery Process ) कार्यक्रममा उपस्थित भएको।

२१. मिति २०८१/१२/१३ गते श्री सघन सहरी तथा भवन निर्माण आयोजना बबरमहल काठमाडौंबाट निर्माण सम्पन्न जुद्ध बारुण यन्त्र कार्यालयको नवनिर्मित भवन श्रीमान् प्र.जि.अ. गोपाल प्रसाद अर्याल ज्यूको सभापतित्वमा तथा माननीय गृहमन्त्री रमेश लेखक ज्यूको प्रमुख आतिथ्यतामा समुद्धाटन सम्पन्न भएको ।

२२. मिति २०८१/१२/२४ गते यस कार्यालयमा रामनवमीको अवसरमा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको अगुवाइमा मौलो पुजा सम्पन्न गरिएको ।

२३. मिति २०८१/१२/ २४ र २५ गते ASPA Nepal द्वारा संचालित fire safety and electronic security international conference and exhibition 2025 कार्यक्रममा सहभागी भएको।

२४. मिति २०८१/१२/२५, २६, २८ र २९ गतेका दिन चाँगुनारायण नगरपालिका विपद् व्यवस्थापन इकाइको आयोजना तथा तथा चाँगुनारायण वडा स्तरिय विपद् व्यवस्थापन समिति को समन्वय तथा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुर र नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाको सहकार्यमा चाँगुनारायण नगरपालिका वडाहरुमा आगलागि सुरक्षा तथा नियन्त्रण सम्बन्धी अभिमुखीकरण, प्रदर्शनी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरियो।

२५. मिति २०८१/१२/२७ गते जिल्ला प्रशासन कार्यालयद्वारा आयोजित लागु औषध दुरुपयोग तथा ओसार पसार विरुद्धको तीन महिने प्रभातफेरी कार्यक्रममा सहभागी भएको।

२६. मिति २०८१/१२/२९ गते जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको सभाध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी श्रीमान् गोपाल प्रसाद अर्याल ज्यूको प्रमुख आतिथ्यतामा अतिथिज्यूहरु नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भक्तपुरका सभापति श्री पर्शुराम पाण्डेय, नेपाल रेस्क्यु एण्ड फायर फाइटर एशोशियसनका अध्यक्ष श्री मधुसुधन थापा, चन्द्रागिरी

नेपाल सरकार गृह मन्त्रालय जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुर

नगरपालिकाका प्रहरी प्रमुख श्री नरेन्द्र के.सि., जुद्ध बारुण यन्त्र कार्यालयका हवल्दार श्री सानुराम दाहालको आतिथ्यतामा "१० दिने अग्नि नियन्त्रण सम्बन्धी आधारभूत तालिम "का सहभागिहरुलाई प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न गरियो।

२७. मिति २०८१/१२/२९ गते शुक्रबारका दिन यस कार्यालयबाट जिल्ला हुलाक कार्यालय भक्तपुरमा सरुवा भइ जानुभएका सहलेखापाल श्री सुजाता दाहाल म्याडमलाई फेरि भेटौंला कार्यक्रम सम्पन्न गरी बिदाई गरिएको ।

२८. मिति २०८१/१२/३१ गते सूर्यविनायक न.पा. ८ भक्तपुर स्थित विजय प्रसाद धौभडेलको घरमा तेस्रो तल्लामा फसेका वर्ष ३ का संयोग धौभडेललाई जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरद्वारा उद्धार गरिएको ।

२९. यस कार्यालयको दरबन्दीअनुसार रिक्त फा.मे.सि. पद ५ जनामा मिति २०८१/१२/२२ गते विज्ञापन प्रकाशन गरी सेवा अनुभव तथा अन्य कागजात परीक्षण, शारीरिक परीक्षण, प्रयोगात्मक परीक्षण, लिखित परीक्षा तथा अन्तर्वार्ता चरण पुरा गरी नयाँ नियुक्ति गरिएको।

## ११. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः

- कार्यालय प्रमुख(ना.सु.) -विजय प्रसाद धौभडेल
- सूचना अधिकारी(खरिदार) -हिमाल घर्ती मगर

## १२. कार्यालयको वेबसाइट, फेसबुक पेज, ईमेलः

- वेबसाइटः https://juddhabarunbkt.moha.gov.np/
- फेसबुक पेजः Juddhabarunyantra Bhaktapur
- ई-मेलः juddhabarunbkt@gmail.com
- एक्स ह्यान्डलः https://x.com/juddha_barun

## १३. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन तथा सूचना दिएको विषय

- नभएको